आज मिति २०७९ साल चैत्र महिनाको २८ गते मंगलवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगर पालिकाको विभिन्न विषयमा नगर कार्यपालिकाको "सत्रौं" बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :–

| | | | |
|---|---|---|---|
| | १, | प्रमुख | श्री गुमान सिंह अर्याल |
| | २, | उप- प्रमुख | श्री पद्‌मा गुरुङ |
| | ३, | प्र. प्र. अधिकृत | श्री इमनाथ कडेल |
| | ४, | वडा अध्यक्ष वडा नं (१) | श्री दुर्गा बहादुर बुढाथोकी |
| | ५, | — " — (२) | श्री मदन बहादुर राना |
| | ६, | — " — (३) | श्री चित्र बहादुर दनाई |
| | ७, | — " — (४) | श्री गम बहादुर गुरुङ |
| अनुपस्थित | ८, | — " — (५) | श्री इन्द्र बहादुर गुरुङ |
| | ९, | — " — (६) | श्री प्रकाश थापा |
| अनुपस्थित | १०, | — " — (७) | श्री ऋषिराम बस्नेत |
| | ११, | — " — (८) | श्री पवित्रा थापा राना |
| | १२, | — " — (९) | श्री खुशिजङ गुरुङ |
| | १३, | — " — (१०) | श्री गंगा बहादुर थापा |
| | १४, | — " — (११) | श्री शिव प्रसाद जोशी |
| | १५, | कार्यपालिका सदस्य | श्री हिरालाल विश्वकर्मा |
| | १६, | — " — | श्री श्रीनाथ दुलाल |
| | १७, | — " — | श्री कल्पना थापा बोहरा |
| अनुपस्थित | १८, | — " — | श्री विमला न्यौपाने अधिकारी |
| | १९, | — " — | श्री सुक माया गुरुङ |
| | २०, | — " — | श्री सुक माया घर्ती |
| | २१, | — " — | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारी

| | | |
|---|---|---|
| २२, | (कार्यक्रम) अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २३, | (प्रशासन) अधिकृत | श्री गोविन्द बहादुर रावत |
| २४ | | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर
नगरपालिका
कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३



गुमान सिंह अर्याल
नगर प्रमुख

# बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

*नगर कार्यपालिकाको मिति २०७९ चैत २८ गतेको बैठकका प्रस्तावहरु*

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा ।
२. प्रदेश समपुरक र विशेष अनुदान तर्फका आयोजना प्रस्ताव सम्बन्धमा ।
३. आयोजनाहरुमा बजेट विनियोजन सम्बन्धमा ।
- लागत साझेदारीमा सडक ढलान तथा कालोपत्रेतर्फको आयोजना
- पुरानकोटगढीमा विद्युतीकरण
- प्रहरी विट निर्माण
- मर्स्याङ्दी नदि तटबन्ध निर्माण, बेनपा २ गैरीमुनि

४. उपभोक्ता समितिमार्फत कार्यान्वयन हुन सिफारिश गर्ने सम्बन्धमा ।
- उदिपुर सानो धिमिरे सडक ढलान, बेनपा १

५. ठेक्का भेरिएसन सम्बन्धमा ।
- बेसीशहर युनिभर्सलचोक मकैडाँडा सडक स्तरोन्नति, बेनपा ६ र ७
- मर्स्याङ्दीपुल चिती तिलाहार सडक स्तरोन्नति, बेनपा ११

६. आयोजना सम्झौताको म्याद थप सम्बन्धमा ।
- मर्स्याङ्दी पुल चिति तिलाहार सडक स्तरोन्नति, बेनपा ११
- रिठ्ठेबगर उदिपुर सडक स्तरोन्नति, बेनपा ११
- ७ नं वडा कार्यालय स्थल संरक्षण

७. व्यवस्थापनको जिम्मेवारी नीजि क्षेत्रलाई प्रदान गर्ने सम्बन्धमा ।
- पुरानोकोट गढी, बेनपा ४
- कपुरिश्वर पार्क, बेनपा ८

८. युवा सीपमूलक कार्यक्रमको सम्बन्धमा ।
- हलुका सवारी चालक,
- व्युटिसिएन मोटर
- मोटरसाइकल तथा हाते ट्याक्टर मर्मत

९. प्राविधिक सहयोगको लागि नगर विकास कोषमा अनुरोध गर्ने सम्बन्धमा ।
१०. सेवा प्रवाह बारे सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुको सम्बन्धमा ।
११. वडास्तरीय तथा नगरस्तरीय योजना संशोधन सम्बन्धमा । (वडा नं २,४,६,९,१)
१२. राजश्वसंग सम्वन्धित विषयको सम्बन्धमा ।
- प्राकृतिक श्रोत उपयोग करको आय ठेक्का सम्बन्धमा ।
- व्यवसाय कर सम्बन्धमा ।



गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल



- प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची अनुमोदन गर्ने सम्बन्धमा ।

१३. क्षमता विकास अन्तर्गत सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी प्रशिक्षण सम्बन्धमा ।
१४. दोश्रो चौमासिक सम्मको आम्दानी र खर्च विवरण सम्बन्धमा ।
१५. झो.पु मागको निर्णय सम्बन्धमा ।
१६. विविध

- मालपोत कार्यालय लमजुङको बजेट माग पत्रको सम्बन्धमा ।
- स्थानीय विपद् उत्थानशील कार्यढाँचा स्वीकृत गर्ने सम्बन्धमा ।
- वायो इन्जिनियरिङ आयोजना छनौट सम्बन्धमा ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्र सम्बन्धमा ।
- आगामी आर्थिक बर्षको बार्षिक कार्यक्रम तथा बजेट तर्जुमाका सम्बन्धमा ।
- गरीवसंग विश्वेश्वर कार्यक्रमको सम्बन्धमा ।
- नगरबासीहरुमा शुभकामना व्यक्त गर्ने सम्बन्धमा ।

## प्रस्तावित निर्णयहरु

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०७९ फागुन २९ गते सम्पन्न नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे यस कार्यपालिका बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २: प्रदेश समपुरक र विशेष अनुदानतर्फ आयोजना प्रस्ताव गर्ने सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय पोखराको च.नं. ५०२, मिति २०७९/१२/०१ को प्राप्त पत्रानुसार आगामी आर्थिक बर्ष २०८०/०८१ को अन्तरसरकारी वित्त हस्तान्तरण प्रयोजनार्थ समपुरक र विशेष अनुदानतर्फ प्राथमिकताका आधारमा देहायका आयोजनाहरु छनौट गरी आवश्यक कागजात सहित निर्धारित म्याद भित्र प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**देहाय :**

**(क) समपुरक अनुदानतर्फ :**

१. जिल्ला अस्पताल चोक-मर्स्याङ्दी नदि मोटरेवल पुल- १० नं वडा कार्यालय सम्मको सडक स्तरोन्नति, बेसीशहर नगरपालिका वडा नं ८ र १० (क्रमागत)
२. रिठ्ठेबगर भुकण्डे चितितिलाहार सडक स्तरोन्नति बेसीशहर नगरपालिका ११
३. बेसीशहर युनिभर्सलचोक मकैडाँडा सारिङ सडक स्तरोन्नति बेसीशहर नगरपालिका ६ र ७

**(ख) विशेष अनुदानतर्फ :**

१. अधुरो कभर्ड हल निर्माण, बेसीशहर नगरपालिका ७
२. नाल्मा स्वास्थ्य चौकी निर्माण, बेसीशहर नगरपालिका ५
३. ८ नं वडा कार्यालय भवन निर्माण, बेसीशहर नगरपालिका ८



गुमान सिंह अर्याल
नगर प्रमुख

**निर्णय नं. ३ : आयोजनाहरुमा बजेट विनियोजन सम्बन्धमा ।**

देहायका आयोजनाहरुको लागि देहाय वमोजिम वजेट विनियोजन गरी चालु आ.व. २०७९।८० मै सम्पन्न गर्ने गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| क्र सं | आयोजनाको नाम र ठेगाना | नगरपालिकाबाट विनियोजित बजेट | बजेट शिर्षक |
|---|---|---|---|
| १ | काजीबारी सुयलगाउँ सडक, बेनपा ८ (नपा ६० र उपभोक्ता ४०%) | ८२६३५१ (कुल ल इ १३७७२५२) | लागत साझेदारीमा सडक कालोपत्रे |
| २ | पुरानकोट गढीमा विद्युतीकरण नेपाल विद्युत प्राधिकरण समपुरक ४०% | ८१६८९२ (कुल लइ २०४२२३१) | फुटकर योजना तथा कार्यक्रम पुँजीगत (थप अ.ल्या) |
| ३ | आवश्यकीय स्थानमा प्रहरी विट निर्माण (लागत इष्मिेट समेतको आधारमा) | ७५०००० | संघीय समानीकरण प्रहरी विट निर्माण शिर्षक |
| ४ | मर्स्याङ्दी नदि तटबन्ध निर्माण, बेनपा २ गैरीमुनि | १००००० | फुटकर योजना तथा कार्यक्रम पुँजीगत (थप अ.ल्या) |

**निर्णय नं. ४ : उपभोक्ता समितिमार्फत कार्यान्वयन हुन सिफारिश गर्ने सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकारबाट चालु आ.व.२०७९।८० मा कार्यान्यिन हुनको लागि छनौट भएका देहायको योजना ठेक्का प्रक्रियामा जाँदा लामो समय लाग्न गई चालु आवमा सम्पन्न हुन नसक्ने अवस्था देखिएको हुँदा उपभोक्ता समितिमार्फत कार्यान्वयनको व्यवस्था मिलाउन पूर्वाधार विकास कार्यालय लमजुङलाई सिफारिशका साथ अनुरोध गर्ने निर्णय गरियो ।

देहाय

१.उदिपुर चिप्लेटी बैकल्पिक सडक निर्माण बेसीशहर नगरपालिका १ (विनियोजत बजेट रु ५० लाख)

**निर्णय नं. ५ : ठेक्का भेरिएसन सम्बन्धमा ।**

चालु आ.व २०७९।८० मा सञ्चालित देहायका योजनाहरुमा देहाय वमोजिम ठेक्का भेरिएसन गर्ने निर्णय गरियो ।

देहाय

(क) बेसीशहर युनिभर्सलचोक मकैडाँडा सडक स्तरोन्नतिको लागि गोसाइँकुण्ड इन्फास्टकच्चर एण्ड विल्डर्स प्रालि विदुर १० नुवाकोटसंग सम्झौता भई निर्माण कार्य गर्दाको सिलसिलामा सडक चौडा गर्ने कार्यमा बाहिरी सतहमा नरम ढुंगा देखियता पनि भित्री भागमा कडा खालको चट्टान कटिङ गर्नु परेको, पुमाखोला धारा नजिक दलदल भएको स्थानमा ग्यावीन जाली राखिएको, बर्षातको कारण सडकको तल्लो भाग भासिन गई वाल लगाउनु परेको हुँदा सम्झौताको परिमाण भन्दा कुनै आइटम बढी र कुनै आइटम



गुमान सिंह अर्याल
नगर प्रमुख

घटी हुन गएको भन्ने प्राविधिक प्रतिवेदन समेतको आधारमा देहाय अनुसार भएको भेरिएसनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

| सम्झौता रकम | संशोधित रकम | बढी रकम रु | घटी रकम रु |
|---|---|---|---|
| १,६०,६८,०२९ | १,५६,२१,२०६ | - | ४,४६,८२३ (२.७८%) |

(ख) बेसीशहर नगरपालिका ११ स्थित मर्स्याङ्दी पुल चिती तिलाहर सडक स्तरोन्नतिको लागि सन्तोष निर्माण सेवा बेसीशहर ८ संग ठेक्का सम्झौता भई निर्माण कार्य अघि बढेकोमा साइटको अवस्था अनुसार दुई वटा ढलान सेक्सन विच ग्याप रहने र उक्त स्थानमा पानीको भलले निर्माण भएको ढलान सडकलाई जोखिम पुऱ्याउने देखिएको हुँदा ढलानको चौडाई घटाई लम्बाई बढाउनु पर्ने भएको हुँदा कुनै आइटम घटि र कुनै आइटम बढी देखिएको भन्ने प्राविधिक प्रतिवेदन समेतको आधारमा देहाय अनुसार भएको भेरिएसनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

| सम्झौता रकम | संशोधित रकम | बढी रकम रु | घटी रकम रु |
|---|---|---|---|
| ४७,६३,०५३ | ४७,५२,०४६ | - | ११००९ (०.२३%) |

**निर्णय नं. ६ : आयोजना सम्झौताको म्याद थप सम्बन्धमा ।**

निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिएका देहायका आयोजनाहरुको निर्माण सेवा खरिद सम्झौताको म्याद २०८० जेष्ठ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

देहाय

१.मर्स्याङ्दी पुल- चिति तिलाहार सडक स्तरोन्नति, बेनपा ११ (निर्माण व्यवसायी मार्फत)

२.रिठ्ठेबगर उदिपुर सडक स्तरोन्नति, बेनपा ११ (निर्माण व्यवसायी मार्फत)

३.७ नं वडा कार्यालय स्थल संरक्षण (उपभोक्ता समिति मार्फत)

**निर्णय नं. ७ : व्यवस्थापनको जिम्मेवारी नीजि क्षेत्रलाई प्रदान गर्ने सम्बन्धमा ।**

देहाय वमोजिमका पर्यटकीय क्षेत्रहरुको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी देहाय वमोजिम निर्धारण गरी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**१.पुरानोकोट गढी, बेसीशहर नगरपालिका ४**

(क) रेष्टुरेन्ट सञ्चालन : तोकिए वमोजिमको दररेटमा खाजा खाना खुवाउन बार्षिक न्यूनतम रु. १ लाख ५० हजार भाडा शुल्क कायम गरी प्रक्रिया वमोजिम बढाबढमा व्यक्ति वा फर्म छनौट गरी सेवा खरिद सम्झौता गर्ने ।

(ख) पार्किङ शुल्क : पार्किङ क्षेत्र निर्धारण गरी प्रतिदिन प्रति मोटरसाइकलको रु २०, जीपको रु ३० र बसको रु. ५० कायम गरी पार्किङ शुल्क उठाउने ।

(ग) सरसफाई : करार सेवामा सरसफाइकर्ता राखी नियमित सरसफाई र फोहरमैला व्यवस्थापन गर्ने साथै सरसफाईकर्ता राख्दा स्थानीयलाई प्राथमिकता दिने ।

**१. कपुरिश्वर पार्क बेसीशहर नगरपालिका ८**

(क) पार्क प्रवेशको लागि सेवा शुल्क लगाउने : १० बर्ष मुनि निशुल्क, विद्यार्थीको हकमा प्रति विद्यार्थी रु १० र यस बाहेकको हकमा प्रति व्यक्ति रु १५ सेवा शुल्क लिने ।

(ख) पार्क भित्र रेष्टुरेण्ट चलाउने सम्बन्धमा थप अध्ययन गर्ने ।

**निर्णय नं. ८ : युवा सीपमुलक कार्यक्रमको सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० को युवा सीपमुलक कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु देहायका संस्थाहरु मार्फत सञ्चालन गरिएको व्यहोरालाई समर्थन गर्दै खेत जोत्ने ट्याक्टर मर्मत सम्बन्धी तालिम पनि चालु आवमा सम्पन्न गर्ने गरी सञ्चालन गर्ने निर्णय गरियो ।

देहाय

१. एक महिने हलुका सवारी चालक (ड्राइभिङ) तालिम : लमजुङ कालिका ड्राइभिङ एण्ड प्रिटेष्ट सेन्टर प्रालि बेसीशहर ८ र मदरल्याण्ड ड्राइभिङ ट्रेनिङ सेन्टर बेसीशहर ७ प्रति सहभागी रु १५ हजारका दरले ।

२. तीन महिने व्युटिसियन तालिम : एन्जिला ब्युटीपार्लर एण्ड ट्रेनिङ सेन्टर बेसीशहर ७ र न्यूलुक ब्युटिपार्लर बेसीशहर ८ प्रति सहभागी रु १५ हजारका दरले ।

**निर्णय नं. ९ : प्राविधिक सहयोगको लागि अनुरोध गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका भित्रका देहायका आयोजनाहरु सञ्चालन र व्यवस्थापनको सन्दर्भमा प्रथम चरणमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन नगर विकास कोष समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१.सहजी बसपार्क निर्माण तथा सञ्चालन, बेसीशहर नगरपालिका ७

२.राजारानी दरबार (लज प्रयोजन) निर्माण, बेसीशहर नगरपालिका ४

३.कभर्ड हल निर्माण तथा सञ्चालन, बेसीशहर नगरपालिका ७

**निर्णय नं. १० :सेवा प्रवाह बारे सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाले मिति २०७९ चैत १४ गते आयोजना गरेको सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुलाई ध्यानमा राखी सेवा प्रवाहलाई अझै चुस्त, छिटो छरितो र प्रभावकारी बनाउनको लागि कार्ययोजना तयार गर्न सम्पूर्ण शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ११ : योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०७९।८० का देहायका नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रम देहाय वमोजिम संशोधन/रकमान्तर/ब्रेक डाउन गर्ने निर्णय गरियो ।

देहाय

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट रु | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १.फुटकर योजना तथा कार्यक्रम, बेनपा २ | ३६०००० | २.१ जेष्ठ नागरिक सम्मान कार्यक्रम बेनपा २ | २०००० |
| | | २.२ सिल्पी संग्रहालय सहयोग बेनपा | ७००० |
| | | २.३ इस्कोन नेपाल सहयोग | |
| | | २.४ विविधि योजना तथा कार्यक्रम | १०००० |



गुमान सिंह अर्याल
नगर प्रमुख

| साविक आयोजना तथा कार्यक्रम | विनियोजित बजेट रु | संशोधित आयोजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| | | | १०८००० |
| २. भर्तलगाउँ कोलडाँडा खानेपानी योजना, बेनपा २ | ४००००० | २.१ साठीकुना मोटरबाटो निर्माण, बेनपा २<br>२.२ धितालगाउँ ठूलो पँधेरो खानेपानी मर्मत, बेनपा २ | ३१००००<br>९०००० |
| ३.फुटकर योजना तथा कार्यक्रम, बेनपा ४ | ५१४००० | ३.१ मालिकादेवी मन्दिर कम्पाउण्ड, बेनपा ४<br>३.२ चम्डिला सिंडी बाटो निर्माण<br>३.३ झगरिया खानेपानी पाइप खरिद | २००००<br>७५०००<br>४०००० |
| ४. विजुली तार खरिद बेनपा ६ | ५०००० | ४.चनौटे खानेपानी मर्मत बेनपा ६ | ५०००० |
| ५.गैरीस्वाँरा काफलबोटे मोटरबाटो स्तरोन्नति, बेनपा ९ (मिति कापा बैठक) | ४५०००० | ५.१ गैरीस्वाँरा काफलबोटे मोटरबाटो स्तरोन्नति, बेनपा ९<br>५.२ ९ नं वडा कार्यालय संरक्षण बेनपा ९ | ३५००००<br>१००००० |
| ६.कृषि तथा पशुसेवा तर्फका कार्यक्रमहरु, बेनपा ९ | २००००० | ६.युरिया मल खरिद, बेनपा ९ | २००००० |
| ७.सीपमूलक तालिम, बेनपा ९ | १३४००० | ७.कम्प्युटर तालिम (एसइइ दिएर बसेका विद्यार्थीहरुलाई लक्षित गरी ) बेनपा ९ | ५८००० |
| ८.स्वास्थ्यतर्फका कार्यक्रमहरु बेनपा ९ | १००००० | ८. सरसफाई सामाग्री खरिद ( २ बर्ष मुनिका बालबालिका तथा गर्भवती महिला लक्षित) बेनपा ९ | ५०००० |
| ९.फुटकर योजना तथा कार्यक्रम बेनपा १ | ३००००० | ९. आठौं माघी मेला सहयोग बेनपा १ | २०,००० |
| १०.शिक्षा, बेनपा १ | १५०००० | १०.१ देवी सदन प्रावि, नयाँगाउँ<br>१०.२ बालविकास प्रावि सानो धिमिरे<br>१०.३ चन्द्रोदय प्रावि ठूलो धिमिरे बेनपा १ | ५००००<br>५००००<br>५०००० |
| ११.१ रावलको चौतारादेखि नयाँखेत सडक स्तरोन्नति, बेनपा ८ (नगरस्तरीय)<br>११.२साउनेखोला लिड्की पँधेरामाथि नाली निर्माण, बेनपा ८ (नगरस्तरीय) | ३०००००<br>२००००० | ११.साउनेखोला लिड्की पँधेरोमाथिबाट रावल चौतारादेखि नयाँखेत सडक स्तरोन्नति, बेनपा ८ | ५००००० |

**निर्णय नं. १२ : राजश्वसंग सम्वन्धित विषयको सम्बन्धमा ।**

क) चालु आ.व. २०७९।८० मा यस कार्यालयले लगाएको आय ठेक्काहरु मध्ये ठेक्का नं. १५, १६ र १८ को ठेक्का लगाउँदा आगामी असार मसान्तसम्मको समयावधि र परिमाण तोकेर सम्झौता गरिएकोमा यस वर्ष मध्यमर्स्याङदी जलविद्युत परियोजनाले वाँधक्षेत्र निर्माण कार्य गर्नको लागि मर्स्याङदी नदी पुरै खोलेकोले तोकिएको परिमाणभन्दा बढी वालुवा निकालेको पाइएकोले स्थलगत अनुगमन गरी प्राविधिक दृष्टिमेट

अनुसार कार्यालयले तोकेको घनफिट भन्दा बढी परिमाणको वालुवाको हकमा तोकिएको दररेट वमोजिम सम्वन्धित फर्म/व्यक्ति बाट राजश्व जम्मा गर्न लगाउने निर्णय गरियो ।

ख) यस कार्यालयको ठेक्का नं. १८ ठेक्का स्वीकृत ठेकेदारले वालुवा रहेको स्थान मध्यमर्स्याङदीको बाँध क्षेत्र पर्ने भएको तथा बाँध क्षेत्रमा पानी जम्मा भएकोले महिनौसम्म वालुवा निकाल्न सक्ने अवस्था नभएको र सो घाट/स्थानमा जाने बाटो निजहरुकै जग्गा पर्ने भएकोले निजहरु वाहेक अन्य व्यक्ति प्रवेश गर्न नदिने हुँदा विद्युत प्राधिकरणसँगको समन्वयमा वालुवा निकालेको समयमा रकम जम्मा गरी सम्झौता भएकोले सोही अनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

ग) ठेक्का नं. १९, रिठ्ठेवगर घाट सम्बन्धमा निजी जग्गा प्रयोग गरेर मात्र उक्त घाटसम्म जान सकिने भएकोले घाटसम्म जाने बाटो बिबादका कारण सम्बन्धित जग्गाधनीहरुसँग समन्वय गर्नु पर्ने भएकोले घाटसम्म गई वालुवा निकाल्न नसकिएको अवस्थामा सम्भौता गर्न नसकिने हुँदा अवधि थप गरिदिने भनि ठेकेदार पक्षबाट निवेदन पेश भएकोले विवाद समाधानको लागि पहल गर्ने सम्झौताको प्रकृया अगाडि बढाउन अनुरोध गर्ने निर्णय गरियो ।

घ) आर्थिक वर्ष २०७६।७७ बाट लगाउँदै आएको ब्यवसाय करमा ब्यवसायीहरुको हकहितलाई मध्यनजर गर्दै विगतमा फैलिएको महामारी (कोरोना भाईरस) र त्यसबाट उब्जिएको हालको आर्थिक मन्दीलाई ध्यानमा राख्दै नगरपालिकामा नयाँ सूचिकृत हुन आउने ब्यवसायीहरुलाई विगत २०७६।७७ सालदेखिको जरिवाना शुल्क छुट गर्ने निर्णय गरियो ।

ङ) बेसीशहर नगरपालिका क्षेत्रभित्र रहेका खोला तथा नदीहरुमा नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदि) उत्खनन्, संकलन तथा विक्री कार्य गर्नको लागि गरिने प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) गर्ने क्रममा DAS Environmental Engineering Research Center मार्फत पेश हुन आएको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ : सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी प्रशिक्षण सम्बन्धमा ।**

क्षमता विकास कार्यक्रम अन्तर्गत नगर कार्यपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुको लागि सार्वजनिक खरिद व्यवस्थापन सम्वन्धी २ दिने प्रशिक्षण कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १४ : दोश्रो चौमासिक सम्म आम्दानी र खर्च विवरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आर्थिक बर्ष २०७९।८० को दोश्रो चौमासिक अवधी सम्मको पेश भए वमोजिमको आम्दानी र खर्च विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ : झो.पु माग सम्बन्धमा ।**

नेपाल सरकार शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभाग ललितपुरको च.नं २३० मिति २०७९।१०।१६ को प्राप्त पत्रानुसार नागरिकको आधारभूत सेवामा पहुँच विस्तार गर्ने उद्देश्यले झोलुंगे पुल



गुमान सिंह अर्याल
नगर प्रमुख

क्षेत्रगत कार्यक्रम अन्तर्गत झोलुंगे पुल निर्माण गर्ने लक्ष्य वमोजिम यस बेसीशहर नगरपालिकाबाट देहाय वमोजिमका झोलुंगे पुलहरु माग गर्ने निर्णय गरियो ।

**देहाय :**

१.मर्स्याङ्दी नदि झोलुंगे पुल कर्पुरेश्वर मन्दिर क्षेत्र (बेसीशहर ८ र १०)
२.मर्स्याङ्दी नदि झोलुंगे पुल, चनौटे भालुखोला आँपडाँडा (बेसीशहर ६ र १०)
३.मर्स्याङ्दी नदि झोलुंगे पुल, मालेबगर लेते (बेसीशहर ६ र १०)
४.मजुवाखोला झोलुंगे पुल, सितलपाटी ढाँड (बेसीशहर ९ र ३)
५.भलामखोला झोलुंगे पुल छरछरे रह गोतामेथोक सेरा (बेसीशहर ६)
६.मर्स्याङ्दी नदि झोपु बजारखुटेटा बालुवा (बेसीशहर ११ र १)
७.मर्स्याङ्दी नदि झोपु रामचोक उदिपुर (बेसीशहर ११ र १)
८.धुवाँखोला झो.पु. गुम्बाबेसी बुढीकुवा (बेसीशहर ११)

**निर्णय नं. १६ : मालपोत कार्यालय लमजुङको बजेट माग पत्रको सम्बन्धमा ।**

मालपोत कार्यालय लमजुङको च.नं १२७० मिति २०७९।१०।१५ को पत्र समेतका आधारमा सो कार्यालयको श्रेस्ता बाइण्डिङ र सवारी साधन डेन्टिङका लागि फुटकर शिर्षकबाट रु. २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ : स्थानीय विपद् उत्थानशील कार्यढाँचा स्वीकृत गर्ने सम्बन्धमा ।**

ग्रामीण सामुदायिक विकास केन्द्र/सिआरएस नेपालको सहयोगमा निर्माण भएको बेसीशहर नगरपालिकाको विपद् उत्थानशील कार्यढाँचा २०७९ स्वीकृत गर्ने निर्णय गरियो साथै क्याथोलिक रिलिफ सर्भिसेस नेपाल ( CRS, Nepal) तथा ग्रामीण सामुदायिक विकास केन्द्र (RCDC) प्रति आभार व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ : वायो इन्जिनियरिङ आयोजना छनौट सम्बन्धमा ।**

ग्रामीण सामुदायिक विकास केन्द्रबाट प्राप्त पत्रानुसार प्रकृतिमा आधारित उपाय र जैविक इन्जिनियरिङ कार्यको लागि संरक्षणसंग सम्बन्धित देहायका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो । साथै लागत इष्टिमेट वमोजिम बेसीशहर नगरपालिकाको तर्फबाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

देहाय:

१.भाचोकखोला सडक पुल निर्माण तथा संरक्षण बेसीशहर नगरपालिका १०
२.कभर्ड हल संरक्षण बेसीशहर नगरपालिका ७

**निर्णय नं. १९ : राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्र सम्बन्धमा ।**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं १४५४ मिति २०७९।११।२८ को प्राप्त पत्रानुसार यस बेसीशहर नगरपालिकामा कार्यरत एमआइएस अपरेटर तथा फिल्ड सहायकहरुको आगामी आ.व.२०८०।०८१ को ६ महिना बराबरको पारिश्रमिक नगरपालिकाबाट साझेदारी गर्ने निर्णय गरियो ।



गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/१२/२८ को बैठक

**निर्णय नं. २० : आगामी आर्थिक बर्षको बार्षिक कार्यक्रम तथा बजेट तर्जुमाका सम्बन्धमा ।**

राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ समेतको आधारमा योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्दै आगामी आर्थिक बर्ष २०८०।०८१ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा यस कार्यपालिका बैठककमा आवश्यक छलफल गरियो ।

**निर्णय नं. २१ : गरीवसंग विश्वेश्वर कार्यक्रमको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं २ र १० मा सञ्चालित गरीबसंग विश्वेश्वर कार्यक्रमतर्फको बजेटबाट वडा नं २ को हकमा बाखा वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ : नगरबासीहरुमा शुभकामना व्यक्त गर्ने सम्बन्धमा ।**

नयाँ बर्ष २०८० को अवसरमा सम्पूर्ण बेसीशहर नगरबासीहरुप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ : पुल निर्माण सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ९ सेतीभिर थाप्लो र बेसीशहर नगरपालिका वडा नं ३ काफ्ले डिल जोड्ने करिब ५७० मिटर लम्बाई र १९० मिटर उचाई भएको मजुवा खोला माथि झोलुंगे पुल निर्माणका लागि शहरी विकास मन्त्रालय र स्थानीय पूर्वाधार विभाग श्रीमहल ललितपुरमा अनुरोध गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख